# अध्याय ४ : परिवार नियोजनका साधनहरूको साधाण असरहरू

## परिचय :

परिवार नियोजनको साधन प्रयोग गर्दा हुने साधारण असरहरू र त्यसको व्यवस्थापनको बारेमा सही र पूरा जानकारी नदिईनाले, परिवार नियोजनले शरीरमा कसरी काम गर्छ वा के-के गर्छ भन्ने सम्बन्धमा अनेकौं धारणाहरू समाजमा फैलन पुग्छन् । यसले गर्दा नेपालमा भएका महिलाहरूले प्राय परिवार नियोजनको साधन नचाहने वा प्रयोग गरिरहेको भए पनि त्यसलाई छाड्ने गरेको पाइन्छ । परिवारको स्वास्थ्यमा परिवार नियोजनको फाइदा बारे स्वास्थ्यकर्मी, जिल्ला स्थित स्वास्थ्य संस्थाका कर्मचारी, स्वास्थ्य स्वयंसेविका तथा समुदायका अन्य नेतृत्वकर्ताहरूले कुरा गर्न सक्छन् । समुदायमा परिवार नियोजनको बारेमा भएका गलत धारणाहरू जहाँ र जहिले पनि सुन्नुहुन्छ त्यसलाई सच्याउन तपाई सहयोगकर्ताको रुपमा सकीय हुन सक्नुहुन्छ । यस अध्यायमा भएका खेलहरूले परिवार नियोजनका वास्तविक असरहरू र गलत धारणाहरु छुट्याउन तपाईलाई सहयोग गर्दछ ।

## मूख्य सन्देशहरु:

- परिवार नियोजनका आधुनिक साधनहरूको साधारण असरहरू हुन सक्छन, जसलाई समयमै व्यवस्थापन गर्न सकिन्छ ।
- समाजमा परिवार नियोजनको सम्बन्धमा फैलिने धेरै जसो गलत धारणाहरुलाई नै सत्य मान्दछन् ।
- कण्डम एक मात्र त्यस्तो साधन हो, जसले यौनजन्य रोग र एच.आई.भी संक्रमण

हुनबाट बचाउँछ ।

- साधारण असरहरूको बारेमा वा परिवार नियोजन सम्बन्धि प्रश्नहरूको बारेमा नजिकैको स्वास्थ्य सेवा प्रदायकसँग कुराकानी गर्नुपर्छ ।

## यस अध्यायमा समावेश गरिएका खेलहरू :

- खेल ङ : साधारण असर खेल

थप खेल

- खेल झ : साधनहरु र साधारण असरको जोडा मिलाउने खेल

## यस अध्यायको लागि आवश्यक पर्ने सामग्रीहरू :

यस अध्यायमा भएको खेल खेल्नको लागि साधारण असर कार्डहरू (१०-२१ कार्डहरू, निलो) तथा गलत धारणा कार्डहरू (२२-३१ कार्डहरू, निलो) । प्रत्येक कार्डको अघिल्लो भागमा निम्न कुरा हुनुपर्छ :

- सामान्य असरहरू र गलत धारणाहरुको चित्र,
- सामान्य असरहरू र गलत धारणाहरुको नाम, तथा
- साधनहरूको स-सानो चित्र जसले साधारण असर गर्दछ । गलत धारणा कार्डहरूमा कुनै पनि साधनहरूको चित्र हुँदैन किनभने तिनीहरू परिवार नियोजनको साधनको कारणले भएको हुँदैन ।

हरेक कार्डको पछाडितिर एउटा ठूलो चित्र हुन्छ । जब साधारण असर कार्डहरूको पछाडिको भागहरूलाई मिलाएर एकै ठाउँमा राखिन्छ, त्यसपछि एउटा नेपाली सुखी परिवारको ठूलो तस्वीर बन्दछ । गलत धारणा कार्डहरूको पछाडितिर पनि चित्रहरू हुन्छन् तर तिनीहरूलाई मिलाउँदा कुनै पनि तस्वीर बन्दैन ।